# नीलकण्ठ नगरपालिका

# आ.व. २०७८/०७९ को वार्षिक समिक्षा प्रतिवेदन

**२०७९ असार  श्रावण २९ र ३० मा आयोजित बार्षिक समिक्षा कार्यक्रममा विभिन्न शाखा र वडा कार्यलयबाट सम्पादित कार्य तथा उपलब्धि समिक्षाको आधारमा तयार गरिएको एकीकृत प्रतिवेदन**

# नीलकण्ठ नगर कार्यपालिकाको कार्यालय,धादिङबेशी

धादिङबेसी, बागमती प्रदेश


**नगर-प्रमुखको मन्तव्य**

नीलकण्ठ नगरपालिकाको पहिलो निर्वाचित जनप्रतिनीधिको पहिलो कार्यकाल समाप्त र दोस्रो पटक निर्वाचित जनप्रतिनिधिहरुको कार्यकालका सुरुवात यस आ.व. भएको छ। आम नागरीकहरुका विचमा पहिलो कार्यकालमा निर्वाचित भै ५ वर्षको आफ्नो कार्यकालमा भएका सकारात्मक प्रभाव र नविन कार्यको प्रारम्भ गर्नु भएका काम तथा नगरको समग्र हितलाइ टेवा पुऱ्याउने योजनाहरुको निरन्तरता दिनु निर्वाचित जनप्रतिनिधिहरुको दायित्व हुन्छ । निर्वाचनका बेला प्रतिबद्धता गरीएका विकासका एजेण्डाहरुलाई सिलसिलाबद्ध रुपमा सम्बोधन गर्न १० बर्षे एकिकृत नगर विकास योजना निर्माण गरी बार्षिक रुपमा प्रस्तुत हुने नीत, कार्यक्रम र बजेटहरुबाट हाम्रा दीर्घकालीन विकास लक्ष्य र आवश्यकताहरुको सम्बोधन भइरहेकोछ ।

आम सरोकारवालाहरुको राय सुझाब, दीर्घकालीन योजनाको निरन्तरता तथा टोलबस्तीहरुबाट आएका आवश्यकतामा आधारित मागहरुको आधारमा हामीले आर्थिक बर्ष २०७८।०७९ को नीति, कार्यक्रम र बजेट तयार गरी कार्यान्वयन गरेका थियौं । नगरपालिकाले दुरगामी भीजनको रुपमा ***"समृद्ध नीलकण्ठ नगरको आधारः कृषि, पर्यटन, उद्यमशीलता सहितको पूर्वाधार"*** को अवधारणालाई पूरा गर्ने गरी संघ तथा प्रदेश सरकारले अघि सारेका प्राथमिकताका क्षेत्रहरु, पन्ध्रौं योजनाले तयगरेका विकास प्राथमिकताहरु दीगो विकासका लक्षहरुको स्थानीयकरण योजना, नगरपालिकाको गौरबका आयोजनाहरु, विशेष प्राथमिकताका कार्यक्रमहरु र नगरबासीका मागमा आधारित योजना तथा कार्यक्रमहरुलाई यथासक्य सम्बोधन गरी कार्यान्वयन गरीएको बार्षिक बजेट तथा कार्यक्रमको समिक्षा नगरपालिकामा भए गरेका कामको यथार्थ चित्रणको रुपमा रहने विश्वास मैले लिएकोछु । पुर्वाधार विकास, आर्थिक विकास, सामाजिक विकास, वातावरण तथा विपद् एवं संस्थागत क्षमता र सूशासन जस्ता महत्वपूर्ण विषय क्षेत्र अन्तर्गत आर्थिक बर्ष २०७८।०७९ मा नीलकण्ठ नगरपालिकाले मापनयोग्य नतिजा आउने गरी कार्य सम्पन्न गरेकोछ । यसले प्रस्तावित नगरस्तरीय र वडास्तरीय कार्यक्रमको विस्तृत विवरण तयार गर्नुका साथै नगरकेन्द्र धादिङबेशी र चौधै वडाका वडाकेन्द्रको सन्तुलित विकासको नीति तथा कार्ययोजना प्रस्तुत गरेको छ ।

१४ ओटै वडाहरुमा बाह्रै महिना चल्ने सडक, तिर्खामुक्त नगर र एक वाड एक उत्पादनको विशेष नीतिलाई लक्षित गर्दै हाम्रा पुर्वधार निर्माणका योजनाहरु कन्द्रित भएकाछन् । उद्यमशिलता विकास, सन्तुलित र दीगो विकासका लक्षहरुको स्थानीयकरणे विशेष प्राथमिकतामा रहेकोछ । समृद्ध नीलकण्ठ निर्माण अभियानमा अहोरात्र खटिनुभएका सवै जनप्रतीनिधिहरु, कर्मचारी मित्रहरु, केन्द्रिय तथा प्रादेशिक निकाय, गैरसरकारी संस्था,उद्योगी, व्यापारी, स्थानीय टोल सुधार समिति, लगानीकर्ताहरु, अन्तर्राष्ट्रिय स संस्थाहरु सहित सम्पूर्ण नगरबासीहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

**जय नीलकण्ठ !**



भीमप्रसाद ढुगाना

नगर-प्रमुख

# नीलकण्ठ नगरपालिकाको संक्षिप्त विवरण

१. नगरपालिकाको नाम : नीलकण्ठ नगरपालिका

२. नगरपालिका स्थापना बर्ष :बि.स. २०७१ साल बैशाख २५ गते

३. नगरपालिकाको केन्द्र :नीलकण्ठ- ३ ,धादिंगबेसी ,धादिंङ

| | | | |
|---|---|---|---|
| टेलिफोन नं. | ०१०-५२०५५९ | फ्याक्स नं. | +९७७ ०१०५२०५५९ |
| ईमेल ठेगना: | neelakanthamun@gmail.com | वेबसाईट: | www.neelakanthamun.gov.np |

४. वडा संख्या: १४ (चौध)

५. वडा कार्यालय संचालनको अवस्था :

| छुट्टै कार्यालय संचालन भएका वडा संख्या | कार्यालय संचालन हुन नसकेका वडा संख्या |
|---|---|
| १४ | ० |

६. बि.स .२०७८ को जनगणना अनुसार: ( जनगणना विवरण)

| महिला | पुरुष | जम्मा | घर धुरी संख्या |
|---|---|---|---|
| ३१०१५ | २७१३६ | ५८१५१ | १४२८१ |

( राष्ट्रिय जनगणनाको प्रारम्भिक तथ्याङ्क अनुसार )

७. क्षेत्रफल वर्ग कि.मि : (.१९९.८७ )

८. भौतिक पूर्वाधारको अवस्था:

| विवरण | ईकाई | आ.ब.२०७८/७९ सम्मको | कैफियत |
|---|---|---|---|
| कालोपत्रे/पक्की सडक | कि.मि. | ५६ | |

| | | | |
|---|---|---|---|
| ग्राभेल सडक | कि.मि. | २३० | |
| कच्ची सडक | कि.मि. | ५६० | |
| खानेपानीको सुबिधा उपलब्ध जनसंख्या | प्रतिशत | ९२.०६ | धारा पाइपको सुबिधा भएको मात्र |
| ढल/नाली | कि.मि. | १२ | |
| विधुत सुबिधा पुगेको जनसंख्या | प्रतिशत | ८८.१० | |
| टेलिफोन लाईन | संख्या | १३६० | |
| इन्टरनेट सेवा प्रदायक संख्या | संख्या | ५ | |
| ल्याण्ड फिल्ड साईटको व्यवस्था | क्षेत्रफल | ५ रोपनी | |

९. पदाधिकारी विवरण :

| क्र.स. | नाम थर | पद | मोबाईल नं. |
|---|---|---|---|
| १ | भीमप्रसाद ढुंगाना | प्रमुख | ९८५१००७१०१ |
| २ | दीपक विश्वकर्मा | उप प्रमुख | ९८५११६६९६४ |

१०. नगर कार्यपालिकाको कार्यालयमा कार्यरत ( कर्मचारी विवरण ) :

| स्तर | प्राबिधिक | अप्राविधिक | जम्मा |
|---|---|---|---|
| अधिकृत | ५ | ९ | १५ |
| सहायक | ३२ | ८२ | १०८ |
| सहयोगी | | | ४० |

११. साक्षरता प्रतिशत : ९८%

१२. बिद्यालयहरुको संख्या :

| तह | प्रा.वि. | नि.मा.वि. | मा.वि. | उच्च मा. वि. | क्याम्पस | प्राबिधिक शिक्षालय | बा.बि. के. (छुट्टै | बिश्व बिद्यालय | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | ५० | १२ | २१ | ७ | १ | | संचालित) | | | ११३ |
| निजि | ४ | १ | २ | ३ | २ | | | | | |
| | | | | | | | | | | |
| जम्मा | ५४ | १३ | २३ | १० | ३ | ४ | ६ | ० | १ | |

१३. स्वास्थ्य संस्था सम्बन्धि विवरणः

| अस्पताल | | | | प्राथमिक स्वास्थ्य केन्द्र, हेल्थपोस्ट, सब-हेल्थ पोस्ट | आयुर्बेद केन्द्र |
|---|---|---|---|---|---|
| सरकारी संख्या | शैय्या संख्या | निजि संख्या | शैय्या संख्या | | |
| १ | ५० | १ | १५ | १६ | २ |

१४. कार्यालय भवनको अवस्थाः

| कार्यालय | भवन सख्या | कोठा संख्या | निर्माणाधीन | नवनिर्मित वा पुरानो | जग्गाको क्षेत्रफल | जग्गाको स्वामित्व | कैफियत |
|---|---|---|---|---|---|---|---|
| कार्यपालिका | २ | | प्रशासनीक भवनको डि.पि.आर भै भवन निर्माणका लागि वजेट व्यवस्थापन गरिएको | पुरानो | नया निर्माणका लागि करिव ३ रोपनी | | |
| वडा कार्यालय | १४ | ५६ | | नवनिर्मित | १ रोपनी (कम्तिमा) | सरकारी | वडाहरुको हकमा |

१५. प्रमुख पर्यटकीय स्थलहरु :

| क्र. स. | पर्यटकीय स्थलको नाम | वडा नं. | स्थलको महत्व |
|---|---|---|---|
| १ | रामकोट दरबार र मण्डली मन्दिर | ८ | धार्मिक, एतिहासिक, पुरातात्विक |
| २ | चमेरे गुफा | १ | पर्यटकीय |

| | | | |
|---|---|---|---|
| ३ | ज्यामरुंग दरबार | ११ | पर्यटकीय, एतिहासिक |
| ४ | जुम्रे भ्यु टावर | १३ | पर्यटकीय |
| ५ | भैरबी मन्दिर | ६ | धार्मिक |
| ६ | जुरेथुम बागेश्वरी मन्दिर | २ | धार्मिक |
| ७ | पशुपति मन्दिर | १२ | धार्मिक |
| ८ | पात्ले होमस्टे | १ | जनजातिको संस्कृति झल्कने |
| ९ | नमुना बि.पी. गाउँ | १३ | पर्यटकीय |
| १० | ज्वालामुखी मन्दिर | ९ | धार्मिक |

१६. प्रमुख आर्थिक केन्द्रहरु: धादिंग बेशी ,सुनौलाबजार ,ज्यामिरे भन्ज्यांग , गोलाभंज्याग ,स्याउली ,पाल्पाभन्ज्यांग ,टारिबेशी ,टोड्के भन्ज्यांग ,मैदी भन्ज्यांग , ससाह ,धौ खोला ,रामकोट ,फ्याक्से

१७. संचालनमा रहेका एफ.एम. रेडियो संख्या : ३

१८. स्थानीय तहमा प्रकाशित हुने पत्रपत्रिकाको संख्या: ३

**१९. संचालनमा रहेका सहकारी संस्थाहरुको संख्या :**

| प्रकार | दुग्ध उत्पादक | साना किसान कृषि | बहु. | बचत तथा ऋण | फलफुल तरकारी | उपभोक्ता | जडिबुटी | स्वास्थ | संचार | अन्य | संघ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | १ | ३७ | १४ | २७ | ३ | १ | १ | २ | ४ | १ | ५ | ९६ |

२०. चालु अबस्थामा रहेका दमकल संख्या : १

२१. संचालनमा रहेको स्थानीय टेलिभिजन संख्या :१

# नीलकण्ठ नगरपालिकाको आर्थिक बर्ष २०७८।०७९ को बार्षिक समिक्षा प्रतिवेदन

## सोँच

समृद्ध नीलकण्ठ नगरको आधारः कृषि, पर्यटन, उद्यमशिलता सहितको पुर्वाधार

## लक्ष्य

नीलकण्ठ नगरपालिकालाई समग्र विकासका दृष्टिले समृद्ध, कृषिमा आत्मनिर्भर, पर्यटकीय र उद्यमीहरुको नमूना पुर्वाधार सहितको नगरको रुपमा विकास गर्ने ।

## आर्थिक बर्ष २०७८।०७९ को प्रमुख नीतिहरुः

## प्रमुख नीतिहरुः

- विश्वब्यापी महामारीको रुपमा देखा परेको कोभिड-१९ को प्रथम र दोश्रो लहरको महामारीका कारण राष्ट्रिय रुपमा स्वास्थ तथा आर्थिक संकट उत्पन्न भए संगै नीलकण्ठ नगरपालिका क्षेत्रमा पनि यसको गम्भीर प्रभाव परेकोछ । गत बर्ष देखिनै कोभिडका कारण नगर विकासका कार्यक्रमहरुलाई असर गरिरहेको भएता पनि हामी कोभिड प्रतिकार्यका विशेष योजना अनुरुप क्षति न्युनिकरण गर्दै नियमीत क्रियाकलाप अघि बढाइरहेकाछौँ । महामारीबाट डराएर भाग्ने नभई आवश्यक प्रतिकार्य मापदण्ड पालना गरि नीलकण्ठ नगरपालिकाले आफ्ना नियमित योजना तथा क्रियाकलापहरु अघि बढाइरहेको छ । महामारीको विषम परिस्थितिमा नगरपालिकाले आफ्ना सम्पूर्ण साधन श्रोत र शक्ति नगरबासीको जिवन रक्षार्थ खर्चिने प्रमुख नीति रहेनेछ ।

- **“तिर्खामुक्त नगर, मुहान विवादमा शुन्य सहनसिलता”** भन्ने नीतिका साथ सुरु गरिएको स्वच्छ खानेपानी अभियानलाई मूर्तरुप दिन साझेदार संस्थाहरुसँग सहकार्य गरि सवै वडाहरुमा खानेपानी आयोजना सञ्चालन भएका छन् भने धादिङवेशीको खानेपानी ब्यवस्थापनका लागि सह लगानी कोष मार्फत करिव रु. ४६ करोड

विनियोजन भै ब्यवस्थित वितरण प्रणाली तथा सुधार आयोजना अघि बढ्ने नीति लिइनेछ ।

**क्षेत्रगत नीतिहरुका रुपमा आ.व. २०७८/०७९ मा अवलम्वन गरिएका प्रमुख नीतिहरु**

**१) कोभिड प्रतिकार्य तथा विपद् ब्यवस्थापन**

- कोभिड १९ को संक्रमण र उपचारमा अग्रपंक्तिमा खटिने स्वास्थकर्मी कर्मचारीलाई कोभिड विरुद्ध उच्च मनोबलका साथ परिचालन गर्न प्रोत्साहन भत्ताको ब्यवस्था गर्दै कोभिड संक्रमित भएमा सरकारी अस्पतालको सम्पूर्ण उपचार खर्च तथा मृत्यु भएमा रु. १ लाख आर्थिक सहायता प्रदान गरिनेछ ।

**२. गरिवि निवारण तथा खाद्य सुरक्षा**

- नीलकण्ठ नगरपालिकाको शहरी विकास योजना २०७५-०८५ ले निर्दिष्ट गरेका प्राथमिकता क्षेत्रलाई उच्च महत्व दिँदै **"समृद्ध नीलकण्ठको आधारः कृषि, पर्यटन, उद्यमशिलता सहितको पुर्वाधार"** भन्ने नारालाई सार्थक बनाउन आवश्यक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**३. स्वास्थ तथा आरोग्यता**

- नगरपालिकाको एक वडा एक स्वास्थ संस्थाको अवधारणा अनुसार स्थापित सवै वडाका स्वास्थ संस्थाहरुबाट नेपाल सरकारले तोकेका निःशुल्क औषधी निरन्तर उपलब्ध गराउने ब्यवस्था मिलाइनेछ ।

**४. शैक्षिक विकास तथा सुधार**

- नगरपालिकाको शैक्षिक सुधारका लागि नगरशिक्षा योजनाले सिफारिस गरेका कार्यक्रमहरुलाई निरन्तरता दिँदै यस बर्ष पनि विशेष बजेट ब्यवस्था गरिनेछ । विद्यालय बाहिर शुन्य बालवालिका को नीतिलाई निरन्तरता दिइनेछ ।

## ५. लैगिक तथा सामाजिक समावेशीकरण र लक्षित बर्ग

- लिंग, जात र कुनै पनि आधारमा हुने सवै खालका विभेदलाई अन्त गर्दै महिला र पुरुषमा समावेशी सिद्धान्तको आधारमा अवसरको वितरण र शसक्तिकरण गरिनेछ । महिला हिंसा, घरेलु हिंसा, बोक्सी प्रथा, वालविवाह जस्ता कुरितिका विरुद्ध सचेतना कार्यक्रम गर्दै बालमैत्री, मानवअधिकार मैत्री र जेष्ठ नागरिकमैत्री नीति अख्तियार गरिनेछ ।

## ६. खानेपानी तथा सरसफाई

- प्रथम नगरसभामा घोषित तिर्खामुक्त नगर को अवधारणालाई सार्थक बनाउन सवै वडामा स्वच्छ खानेपानीको पहूँच पुर्याउने गरि आवश्यक योजना सञ्चालन गरिनेछ ।

## ७. स्वच्छ तथा नविकरणीय उर्जा

- सवै नगरबासीको खर्चले धान्न सक्ने, भरपर्दो, दीगो तथा आधुनिक उर्जामा पहुँच शुनिश्चित गरिनेछ ।

## ८. स्वरोजगारी तथा आर्थिक विकास

- सवैका लागि समावेशी तथा दीगो आर्थिक विकास लक्षित कार्यक्रमहरुलाई प्रवर्द्धन गरिनेछ ।

## ९. दलित तथा विपन्न बर्गः

- आर्थिक तथा सामाजिक क्षेत्रमा पछाडी पारिएका दलित समुदाय तथा गरिब घर पहिचानका आधारमा बर्गिकृत भएका विपन्न बर्गलाई विशेष प्राथमिकता दिइ स्वरोजगार तथा जिविकोपार्जनका कार्यक्रम सञ्चालन गरिनेछ ।

## <u>१०. पूर्वाधार विकास</u>

- नगरपालिकाको समग्र पुर्वाधार विकासका लागि यस अघिका नीति कार्यक्रमले सम्बोधन गरि नगर गौरवका आयोजनाका रुपमा क्रमागत चलिरहेका नगर चक्रपथ र थोपल, अरुङखोला करिडोरलाई निरन्तरता दिइनेछ । नगरका सवै वडा, टोल बस्तीमा सडक सञ्जाल पुगिसकेकाले गत बर्ष देखिको नयाँ ट्र्याक नखोल्ने नीतिलाई निरन्तरता दिँदै नाला निर्माण र स्तरउन्नतीमा जोड दिइनेछ ।

## <u>११. वातावरण संरक्षण तथा जलवायु परिवर्तन</u>

- नगरक्षेत्रको झण्डै ५० प्रतिशत ओगट्ने सरकारी वनको उचित संरक्षणका लागि सामुदायीक वन समूहहरु, नीजि तथा कबुलियती वन समूह तथा समुदाय र अन्य निकाय तथा संघसंस्था संग सहकार्य गरि कार्यक्रम सञ्चालन गरिनेछ ।

## <u>१२. युवा खेलकुद तथा नवप्रवर्तनः</u>

- युवाशक्तिलाई नगरविकास अभियानमा सरिक गराउन आवश्यक नेतृत्व विकास , उत्प्रेरणा, चरित्र निर्माण तालिम तथा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## <u>१३. सूचना तथा सञ्चार प्रविधि</u>

- नगरपालिकामा ई-गभर्नान्स प्रणाली लागू गर्ने विगतको घोषणालाई प्रभावकारी कार्यान्वयन गर्दै कागज रहित कार्यालयको अवधारणामा आवश्यक सूचना प्रविधि पुर्वाधार विकास गर्दै लगिनेछ ।

## १४. कला, सहित्य र संस्कृति

- नगरक्षेत्रको सांस्कृतिक विविधताको संरक्षण तथा प्रवर्द्धन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

## १५. साझेदारी

- विकास निर्माण तथा साझा हितका पुर्वाधार विकास एवं जनमैत्री कार्यक्रमहरुमा संघ, प्रदेश, जिल्ला समन्वय समिति, अन्य स्थानीय सरकार तथा सरोकारवालाहरु संग आवश्यक साझेदारीको नीतिलाई निरन्तरता दिइनेछ । नीजि क्षेत्र संगको साझेदारी र सह लगानीका आयोजनाहरुलाई विशेष प्राथमिकता दिइनेछ ।
- आ.व.२०७८/०७९ को नीति तथा कार्यक्रममा ठूला प्रकृतिका पूर्वाधार विकास आयोजना, आर्थिक विकास, राजश्व वृद्धि, दातृ निकाय सँग समन्वय र साझेदारी निजि क्षेत्र संघ/संस्था, समुदाय, समुह लगायका साझेदार नीकायहरु सँग विकासमा साझेदारी गरिने नीति अवलम्वन गरिने छ ।

## १६.सुशासन तथा संस्थागत क्षमता विकास

- नीलकण्ठ नगरपालिकालाई स्थानीय सरकारको रुपमा सक्षम संस्थागत विकासका लागि आवश्यक थप कानून तथा कार्यविधि एवं मौजुदा कानूनको प्रभावकारी कार्यान्वयन गरि सक्षम संस्थाको रुपमा स्थापित गरिनेछ ।

## आ.व. २०७८/०७९ मा अवलम्वन गरिएका प्रमुख नीतिहरुको समिक्षा

१. देशमा सङ्घीय शासन व्यवस्थाको स्थापना पश्चात यस नगरपालिकाको पहिलो निर्वाचित सरकारको रुपमा २०७४ साल जेठ ७ गते शपथग्रहण गरी पदभार ग्रहण गरेको ४ बर्ष

१० महिनाको यो अवधिमा १० वटा नगरसभा सम्पन्न गरी विभिन्न नमूना अभ्यास, विकास निर्माणको सकारात्मक प्रयास, चूनौतीपूर्ण आरोह अवरोह पार गरेकोछ ।

२. नेपालको शासकीय पुनर्संरचना पछि भएको स्थानीय तहको पहिलो निर्वाचनका बेला घोषणपत्र मार्फत् गरेका प्रतिबद्धता अनुसारका घोषित नीति तथा कार्यक्रमहरूलाई विशेष प्राथमिकता दिई प्रथम कार्यकालमा लगभग लक्ष्य प्राप्तिको नजिक रहेकोछ ।

३. नगरपालिकाको १० बर्षे एकीकृत शहरी विकास योजनाले निर्दिष्ट गरेको यात्रामा बार्षिक नीति तथा कार्यक्रम केन्द्रित भएका छन् भने यस अवधिमा धेरै आयोजना तथा कार्यक्रम सम्पन्न भैसकेका छन् । नगरबासीको अधिकतम् अपेक्षा र सीमित साधन श्रोतका बाबजुत नीलकण्ठ नगरपालिका विभिन्न सूचकहरूमा देशभरमा प्रथम भै पटक पटक राष्ट्रिय मानचित्रमा उत्कृष्ठ नगरपालिकाको रुपमा स्थापित भएकोछ ।

४. राज्य पुनर्संरचना पछिको पहिलो कार्यकाल भएकाले काम, कर्तब्य निर्बाहमा नयाँ अनुभव, विभिन्न कानूनी रिक्तता तथा ब्यवहारिक कठिनाई र समन्वयको सीमा हुँदाहुँदै १० बर्षे एकीकृत नगर विकास योजनाले तय गरेको ५ बर्षे मध्यकालीन प्रगतिको लक्ष्य लगभग हासिल गरिएकोछ।

५. सङ्घीय सरकार र प्रदेश सरकारले संविधान प्रदत्त अधिकारका रुपमा नगरपालिकालाई बाँडफाँड गरी पठाउनुपर्ने बजेट सीमित हुँदाहुँदै नियमित बजेट भन्दा धेरै गुणा बढी बजेट विभिन्न निकाय, दातृ संस्था तथा सहयोगी साझेदारहरूबाट प्राप्त गरी नगर विकासमा लगानी भएकोछ । शहरी विकास, सडक, खानेपानी, विपद् व्यवस्थापन, स्वास्थ्य तथा संस्थागत विकासका क्षेत्रमा नगरपालिकाको नियमित बजेट भन्दा धेरै बढी बजेट अन्यश्रोत बाट जुटाएर नगर नेतृत्व सफलताको गौरवशाली नमूना बनेकोछ ।

६. शपथग्रहण गरेको दिन प्रतिबद्धता गरेको **तिर्खामुक्त नगर घोषणा** यो कार्यकालसम्म आईपुग्दा नीलकण्ठ नगर तिर्खामुक्त हुनेगरी हामीले गरेको कामले खानेपानीको क्षेत्रमा निक्कै ठूलो प्रगति हामीले हासिल गरेछ।

७. सर्भिस फर पिस कोरियासँगको साझेदारीमा नगरका विभिन्न वडामा ६ बटा बृहत खानेपानी आयोजनाहरू पूरा हुने चरणमा रहेकाछन् भने धादिङवेशी बृहत खानेपानी आयोजनाको लागि ४६ करोड बजेट स्वीकृत भै कार्य प्रारम्भका लागि टेण्डर भैसकेकोछ।

८. २०७८।०८९ को आर्थिक बर्षको अन्त सम्ममा बाह्रै महिना चल्नेगरी नगरका १४ वटै वडा कार्यालयहरूसम्म पुग्ने मोटरबाटोको स्तरोन्नती लगभग पूरा भएकोछ । यसैबीचमा ९५ किलोमिटर लम्बाईको नगर चक्रपथको सम्पूर्ण ट्र्याक निर्माण कार्य पूरा भै ४ किलोमिटर कालोपत्रे समेत भएकोछ भने चक्रपथको पूरा परिक्रमा गर्न सक्नेगरी यातायात सञ्चालनमा आउन सक्ने गरी निर्माण सम्पन्न गरिएको छ ।

९. धादिङवेशी बजार क्षेत्रको चक्रपथको रुपमा समेत विकास हुनेगरी थोपल र अरुण खोला करिडोर सडक हालसम्म करीब १ किलोमिटर पक्की संरचनाका साथ निर्माण भैसकेकोछ भने हरेक बर्ष निरन्तर योजनाको रुपमा अघि बढिरहेकोछ। बजार क्षेत्रमा हाल ३ वटा सार्वजनिक शौचालय निर्माण भैसकेका छन् भने थप ५ वटा सार्वजनिक शौचालय निर्माण सम्पन्नको अन्तिम चरणमा रहेका छन ।

१०. नगरक्षेत्रको मौजुदा फोहोरमैला व्यवस्थापन स्थललाई व्यवस्थित गर्नको लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरी नीजि सझेदारी मोडेलमा ब्यवस्थापन कार्य भैरहेकोछ ।

११. स्थानीय सरकार सञ्चालनमा सुशासन स्थापना गर्ने हाम्रो पहिलो प्राथमिकता हो । सवै वडा कार्यालयहरूको आफ्नै भवनको लक्ष्य गरि सवै वडा कार्यालय भवनहरू निर्माण सम्पन्न भैसकेकाछन् ।

१२. भुकम्पले क्षतिग्रस्त नगरका विद्यालयहरूको पुनर्निर्माण ९५ प्रतिशत भन्दा बढि पक्की भवनका साथ पूरा भैसकेको छ । माध्यमिक शिक्षासम्मको सम्पूर्ण व्यवस्थापन र नियमनको दायित्व निर्वाह गर्दै विद्यालय सुधार, शैक्षिक गुणस्तर तथा जनशक्ति विकासमा उल्लेखनिय कार्यहरु सम्पन्न भएका छन ।

१३. नगर शिक्षा योजना निर्माण गरी सशर्त अनुदान बाहेक शिक्षा क्षेत्रमा विशेष लगानी गर्ने नगरपालिकाको रुपमा यस नगरपालिकाले नमूना शुरुवात गरेकोछ ।

१४. नगरका हरेक वडामा स्वास्थ्य सेवा पुर्याउने हाम्रो प्रतिबद्धता अनुसार साविक १० वटा स्वास्थ्य संस्थाहरू रहेकोमा ७ वटा संस्था थप स्थापना गरी सवै वडाहरूमा स्वास्थ्य सेवा सुचारु भैरहेकोछ। सङ्घीय सरकारको घोषित नीति अनुसार अत्यावश्यक औषधी निःशुल्क

उपलब्ध गराउन हरेक बर्ष यथेष्ट बजेट विनियोजन गरी नगरका सबै वडाका स्वास्थ्य संस्थामार्फत् निःशुल्क औषधी वितरण सहित आधारभुत स्वास्थ्य उपचार सेवा सञ्चालन भैरहेकाछन्।

१५. स्वास्थ्य संस्थामा सुत्केरी गराउने कार्यलाई थप प्रभावकारी बनाउन हरेक सुत्केरी महिला लाई एम्बुलेन्स निःशुल्क हुनेगरी भाडा रकम उपलब्ध गराइएकोछ । नगर केन्द्रमा धादिङ अस्पताल परिसर भित्र आवश्यक स्वास्थ्यकर्मी सहित व्यवस्थित मातृ शिशु स्वास्थ्य सेवाका लागि MCH क्लिनिक सञ्चालन गरिएकोछ भने विभिन्न वडामा ११ वटा बर्थिङ सेन्टरहरू र ४ वडा स्वास्थ्य प्रयोगशाला सञ्चालन भैरहेकाछन् ।

१६. कडा तथा दीर्घरोग लागेका विरामीहरूलाई निःशुल्क उपचार सिफारिश सहित यातायात खर्च रु. ५ हजार उपलब्ध गराउने गरिएकोछ भने विपन्न नगरबासीको उपचारका लागि २५ हजारसम्म उपचार खर्च उपलब्ध गराइएकोछ । स्वास्थ्य सचेतनाका संवाहक महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई मासिक प्रोत्साहन खर्च एक हजार रुपैयाँ, सञ्चार खर्च र विदाईमा नगद ५० हजार रुपैयाँ सहित उच्च सम्मान गर्ने अभ्यासको थालनी यस पालिकाले गरेकोछ । ७० वर्ष कटेका जेष्ठ नागरिकलाई विशेष उपचार सेवा कार्यक्रम विगत बर्ष देखि सञ्चालन भैरहरेकोछ ।

१७. धादिङ जिल्ला सदरमुकाममा रहेको नगरपालिका भएकोले कोभिड महामारीका बेला नगरबासी सहित जिल्लाका विभिन्न पालिकाहरूका नागरिकलाई नगरपालिकाबाट निःशुल्क उद्धार, क्वारेन्टाइन तथा आइशोलेसन वार्डको व्यवस्था गरी सहयोग गरिएकोछ । कोभिडका कारण दैनिक रोजगारी गुमाएका करिब ४ हजार ५ सय विपन्न नागरिकलाई निःशुल्क खाद्यान्न वितरण गरिएकोछ भने २०० जना साना उद्यमी तथा व्यवसायीहरूलाई जनही ३२ हजारका दरले नगर सहयोग गरिएकोछ ।

१८. जिल्ला विपद् व्यवस्थापन समितिको अनुरोधमा जिल्ला अस्पतालबाट निर्मित आइशोलेसनमा नगरपालिकाको तर्फबाट अक्सिजन जेनेरेटर प्लान्ट स्थापना गरी कोभिड प्रतिकार्यमा विशेष

सहयोग गरिएकोछ । हालसम्म ८३ प्रतिशत नगरबासीले कोभिड विरुद्धको दुवै डोज भ्याक्सिन लगाइसकेका छन् भने ९० प्रतिशतले पहिलो डोज खोप लगाएकाछन् ।

१९. ५ वर्षे उद्यम विकास रणनीतिक योजनाले निर्दिष्ट गरेको उद्यम उद्देश्य पूरा गर्न मेयर उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरी उद्यमी उत्पादन र सहुलियतपूर्ण ऋण प्रवाह गर्ने कार्य अघि बढिरहेकोछ । विस्तृत परियोजना प्रस्ताव अनुसार १४ करोड रुपैयाँ क्रमागत रुपमा लगानी गर्ने गरी नीलकण्ठ **नगर औद्योगिक ग्रामको स्थापना गरी** निर्माण कार्य अघि बढिरहेको छ ।

२०. आर्थिक विकासको महत्वपूर्ण साझेदारका रुपमा उद्योग वाणिज्य संघ, नगर क्षेत्रमा क्रियाशिल सहकारीहरूसँग सहकार्य गरी विभिन्न कार्यक्रम तथा उनीहरूको मागका आधारमा साझेदारीका विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका छन् । गरीवी निवारणका लागि लघू उद्यम विकास कार्यक्रम (मेडपा) मार्फत् नगरका विभिन्न वडामा लघू उद्यमी सृजना भै स्वरोजगार प्रवर्द्धन गरिदै आएकोछ।

२१. कृषि, भेटेरिनरी र आर्थिक विकास शाखा मार्फत् व्यवसाय प्रवर्द्धन तथा कृषिमा आधारित उद्यमशीलता विकासका लागि वीउविजन तथा कृषि उपकरणमा अनुदान कार्यक्रमलाई निरन्तर अघि बढाइएकोछ । नगरपालिकाकै सहयोगमा हाल कम्तिमा एक सय वटा कृषिमा आधारित उद्यम सञ्चालनमा रहेका छन् भने उद्यमशीलताका लागि सहुलियत ऋणको कार्यक्रम निरन्तर हुनेगरी ब्याज अनुदान कोष स्थापना गरिएकोछ ।

२२. एक वडा एक उत्पादनको घोषित नीति पूरा गर्नेगरी व्यावसायिक कृषि र उत्पादनमूलक क्षेत्रमा हामीले लगानी गरिरहेका छौं । एकीकृत कृषि विकास अवधारणालाई सार्थक बनाउन कृषि रणनीतिक योजना निर्माण गरी नगरलाई आत्मनिर्भर र ब्यवसायीक कृषि पकेट क्षेत्रको रुपमा विकास गर्न आवश्यक पूर्वाधारहरू तयार गरिएका छन् ।

२३. पशु क्षतीबाट हुने जोखिम कम गर्न पशु वीमा कार्यक्रम मार्फत् ९० प्रतिशत अनुदान सहायता कार्यक्रम, वीउ विजन तथा कृषि प्रविधिमा ५० प्रतिशत अनुदान हामीले गरेका

कृषि तथा पशुपालन क्षेत्रको असल अभ्यासको उदाहरण बनेकोछ । विशेष गरी कृषि तथा पशुपालन क्षेत्रमा मागमा आधारित ज्ञान र उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई निर्देशक नीतिका रुपमा अंगिकर गरिएकोछ ।

२४. युवा तथा खेलकूद क्षेत्र नगरपालिकाले विशेष प्राथमिकताका साथ सहयोग र प्रवर्द्धन गरेको क्षेत्रको रुपमा रहेकोछ । नगरपालिकको झण्डै १ करोड लगानीमा धादिङवेशीमा स्थापना भएको ब्याडमिन्टन कभर्डहल र मेयर कप राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिताले यस खेलप्रतिको रुचि र आन्तरिक पर्यटन प्रवर्द्धन दुवैमा महत्वपूर्ण टेवा मिलेकोछ । क्रिकेट, तेक्वान्दो, बक्सिङ, फुटबल, भलिवल, एथ्लेटिक्स तथा लोक खेलको संरक्षण र प्रवर्द्धनमा समेत नीलकण्ठ नगरपालिकाले विशेष सहयोग र प्रवर्द्धन गरेका कारण खेल क्षेत्रमा नगरपालिकाको तर्फबाट खेलाडीहरूले विभिन्न राष्ट्रिय प्रतियोगिताहरूमा उत्कृष्ठ स्थान हासिल गरेकाछन् ।

२५. नीलकण्ठ नगरपालिकाले लैंगिक तथा सामाजिक समावेशीकरणको क्षेत्रमा प्राथमिकताका साथ काम गरेकोछ । बजेट निर्माणमा लैंगिक उत्तरदायी तथा समावेशीकरणलाई विशेष ध्यान दिइएकोछ । जेष्ठ नागरिक, अपांगता, एकल महिला, दलित, आदिवासी तथा पिछडिएका समुदायलाई सशक्तिकरणको मूल प्रवाहमा ल्याउने तथा खास सहयोग हुनेगरी विभिन्न कार्यक्रमहरू सञ्चालन भएकोछ ।

२६. दलित छात्रवास, विन्दुकेशरा बृद्धाश्रम, जेष्ठ नागरिक विश्राम केन्द्र, बहिरा तथा बौद्धिक अपाङ्गता अध्ययन गर्ने विद्यालयमा आवश्यक पूर्वाधार निर्माण तथा अन्य सहयोग, आमाको माया छात्रावास सहयोग तथा बालमैत्री शासन र बालविवाह अन्त्यका लागि विभिन्न कार्यक्रम प्राथमिकताका साथ सञ्चालन भएकाछन् ।दलित तथा विपन्न बर्गका विद्यार्थीहरूका लागि छात्रबृत्ति कोष स्थापना गरी छात्रबृत्ति दिने कार्य निरन्तर गर्ने अभ्यास स्थापित गरिएकोछ ।

२७. नगरबासी विपन्न परिवारलाई विभिन्न धर्म संस्कृति अनुसार अन्तिम संस्कार गर्न सहयोग गर्ने **उद्देश्यले रु. १० हजारका दरले अन्तिम संस्कार खर्च सहयोग गरिएकोछ,** जुन हाम्रो कार्यकालको असल सामाजिक सहायता कार्यक्रमको रुपमा स्थापित भएकोछ ।

२८. वातावरण संरक्षण तथा विपत् व्यवस्थापन क्षेत्रमा नीलकण्ठ नगरपालिकाले गरेको अभ्यास देशभरमा उदाहरणीय भै पुरस्कृत समेत भएकोछ । कुनैपनि विपद्मा तत्काल प्रतिकार्य तथा सहायताका लागि विपद् व्यवस्थापन कोष र आपतकालिन सहायता केन्द्र स्थापना गरी हामीले संस्थागत सम्बोधनको असल अभ्यास स्थापित गरेकाछौं । विपद्का कारण सरकारी तथा सामुदायिक सम्पत्ति क्षति हुँदा आवश्यक बजेट विनियोज गरेर तथा निजी घर पूर्ण क्षतीमा रु ४० हजार, मध्यम क्षतिमा २५ हजार र सामान्य क्षतिमा ७ हजार दिने नीतिगत व्यवस्था अनुसार बाढीपहिरो तथा आगलागी जस्ता विपद्बाट पीडित नगरबासीलाई निरन्तर सहयोग गरिएकोछ ।

२९. नगरपालिकासँग प्रत्यक्ष सरोकार राख्ने विभिन्न राजनीतिक दल, नागरिक समाज, संघसंस्था, उद्योग वाणिज्य संघ, जातिय तथा धार्मिक संघसंस्था, टोल विकास संस्था, टोल विकास महासमिति, र सहकारी तथा कृषक तथा आमा समूहसँग साझेदारी गरी सहकार्यका विभिन्न योजना तथा कार्यक्रमहरू सञ्चालन गरी साझेदारी विकासको अभ्यासलाई स्थापित गर्ने प्रयास गरिएकोछ ।

३०. लैंगिक तथा सामाजिक समावेशीकरण नीति, लैंगिक समावेशी कार्यक्रम, विभिन्न जातजाति, धर्म परम्परामा विश्वास राख्ने नगरबासीहरूको आत्मसम्मान बृद्धि गर्न नगरपालिकाले संस्कृति प्रवर्द्धन तथा धार्मीक स्वतन्त्रताको मान्यता अनुसार सबै धर्महरूलाई समान महत्व र सहायता दिएकोछ ।

३१. सूचना प्रविधिमैत्री वातावरणमा विद्युतीय सुशासन प्रवर्द्धन गर्न नगर कार्यपालिका कार्यालय, वडा कार्यालयहरू, विषयगत कार्यालयहरू तथा विद्यालयहरूलाई प्रविधि सञ्जालमा जोडी छरितो र प्रभावकारी सेवा प्रवाह गर्न नगरपालिकाको प्रस्तावमा हालै मात्र सङ्घीय

सरकारबाट विनियोजन हुने एवम् वागमती प्रदेश सरकारबाट व्यवस्थापन गरिने नीलकण्ठ नगरको वृहत्तर सूचना प्रविधिमैत्री विद्यूतीय सुशासन परियोजनाको प्रथम चरणको प्रस्तावको स्वीकृत भै कार्यान्वयनको चरणमा रहेको छ ।

३२. बजार क्षेत्रमा सुरक्षा निगरानीका लागि सिसि क्यामेरा, सडक बत्ती तथा अप्टिकल फाइबर नेटवर्क निर्माण जस्ता काम सम्पन्न भैसकेकाछन् । नीलकण्ठ नगरपालिकाको शहरी विकासका लागि मेट्रिक ठेगाना प्रणालीको सर्वेक्षण, हरियाली प्रवर्द्धन कार्यक्रम, निःशुल्क वाइफाई ( हाललाइ १० स्थानमा) हबको स्थापना नवीनतम प्रयोगका कार्यक्रमका रुपमा सम्पन्न भएकोछ ।

३३. नगर क्षेत्रका काठे पोलहरूलाई विस्तापित गरी स्टिल पोल राख्ने कार्य, पर्यटन प्रवर्द्धनका लागि घरबास कार्यक्रम, भैरवी पर्यटन क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन तथा पुनर्निमाणमा लगानी, हाम्रो विशेष महत्व राख्ने क्षेत्रमा गरिएका प्राथमिकतायुक्त लगानीका उदाहरण हुन् । खाल्टे, जुरेथुम, विपी गाउँजस्ता क्षेत्रमा होमस्टे सञ्चालन नगरपालिकाको महत्वपूर्ण सम्भाब्य पर्यटन गतिविधिका रुपमा देखिएकाछन् ।

३४. भैरवीथान र नीलकण्ठेश्वर महादेवको मुर्ति सहितको नमूना पार्क हाम्रो नगरको आकर्षक पर्यटन गन्तब्यका रुपमा निर्माण भैरहेकोछ । चमेरे गुफा, पौवा दरबार, रामकोट दरबार, हिमालयन वाल ट्रेल जस्ता आकर्षक पर्यटकीय महत्वका पूर्वाधार निर्माण गर्न विस्तृत परियोजना प्रतिवेदन तयार भै निर्माणको श्रोत खोजिकार्य भैरहेकोछ ।

३५. नीलकण्ठ नगरपालिकाको कार्यसम्पादन तथा सेवा प्रवाह प्रभावकारी बनाउन संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी सो अनुसारका विषयगत शाखा स्थापना गरिएकाछन् । नगर कार्यपालिकाको कार्यालय, विषयगत समितिहरू, विषयगत शाखाहरू, विभिन्न नगरस्तरीय समितिहरू र नगर प्रहरीबाट नगरको समग्र प्रशासन र सेवा प्रवाहमा प्रभावकारी नतिजा प्राप्त भएकाछन् ।

३६. स्थानीय सरकार सञ्चालनका लागि आवश्यक ऐन, कानून, कार्यविधि, निर्देशिका र मापदण्ड निर्माणमा पनि हामी परिपक्व रुपमा प्रस्तुत भएका छौं । हाल सम्म हामीले २४ वटा ऐन, २ वटा नियमावली, २ वटा नीति, २० वटा कार्यविधि र ४ वटा निर्देशिका गरी कूल ५७ वटा कानून निर्माण गरी कार्यान्वयनमा ल्याएकाछौं । यी कानूनी प्रावधानहरूले अब निर्वाचित भएर आउने नगरपालिकाको नेतृत्वलाई पहिलो कार्यदिनबाटै कार्यसम्पादनमा बलियो आधार तयार गरेकोछ ।

## सम्पन्न भएको कार्यक्रम तथा योजनाहरु:

- नगर विपद् व्यवस्थापन समिति र वडा स्तरमा रहेका विपद् व्यवस्थापन समितिलाई क्रियाशील बनाइ संघ संस्थाहरूसँगको सहकार्यलाई समन्वयात्मक बनाइएको ।
- क्वारेन्टाइन व्यवस्थापन, राहत वितरण, सचेतना कार्यक्रम, सूचना तथा तथ्याङक सम्प्रेषण, उपचार तथा नियन्त्रणमा खटिने स्वास्थ्यकर्मी तथा कर्मचारीलाई सुरक्षा सामाग्रीको व्यवस्थापन तथा प्रोत्साहन भत्ताको ब्यवस्था गरीएको ।
- नगरपालिकाबाट संचालित एम्बुलेन्स, दमकल तथा सवै संयन्त्रलाई उच्च शतर्कतामा राखि आकस्मीक सेवा सञ्चालन तथा आपतकालिन सेवा सञ्चालन कार्यविधि अनुसार कन्ट्रोल रुमको ब्यवस्था गरी सिमिा क्षेत्र देखि नगरबासीहरुको यातायात खर्च बेहोरी निःशुल्क क्वारेन्टाइन तथा आइसोलेसनको ब्यवस्थापन गरीएको ।
- सर्वसाधारणमा वातावरण सम्बन्धी जनचेतना अभिवृद्धि गर्न जनचेतना मूलक कार्यक्रमहरू सञ्चालन गरीएको । टोल बिकास संस्था, उद्योग वाणिज्य संघ र विभिन्न गैह्र सरकारी तथा समुदायको सहकार्यमा वातावरण संरक्षण अभियान सञ्चालन भएकाछन ।
- चट्याङ, आगलागी तथा बाढि पहिरो पिडित नगरबासीलाई विपद् ब्यवस्थापन कोषबाट सामान्य क्षतिमा ७ हजार, मध्यम खालको क्षतिमा २५ हजार र गम्भीर क्षतीमा ४० हजार सहित कोभिड र बाढी पहिरोका कारण मृतकहरुलाई प्रति परिवार १ लाखका दरले राहत उपलब्ध गराइएको ।
- नगरका विभिन्न क्षेत्रमा हरियाली प्रवर्धनका लागि बृक्षारोपण तथा पहिरो नियन्त्रणका लागी बाँस अमृसो र तारजाली सहित भू संरक्षणका कार्यक्रम सञ्चालन गरीएको ।
- नगरका सवै वडाका टोल विकास संस्था र नागरीक समाज सहित जनप्रतिनीधिको सहभागितामा वातावरण संरक्षण, हरियाली प्रवर्धन तथा सरसफाई र फोहोरमैला ब्यवस्थपन कार्यक्रम सञ्चालन गरीएकोछ ।
- ध्वनी प्रदुशण नियन्त्रणका लागि प्रेशर हर्न प्रतिस्थापन, नो हर्न जोन घोषणा, मौसम मापन तथा ध्वनी र प्रदुशण मापन कार्यक्रम सम्पन्न भएको ।

# शीर्षकगत प्रगति तथा समिक्षा तर्फ

## १. शैक्षिक विकास तथा सुधार

- शिक्षकहरूलाई प्रविधिमैत्री बनाउँदै एक शिक्षक एक ल्यापटपको कार्यक्रमलाई निरन्तरता दिदै आएको छ। जसवाट प्रविधिमैत्री पठनपाठन तथा शिक्षकहरुका क्षमता अभिवृद्धि भै विद्यार्थीहरुलाई समेत नविन्तम शैक्षिक गतिविधि सञ्चालमा सहजीकरण भएको छ ।
- नगरका सवै विद्यालयहरूमा ब्रोडब्याण्ड इन्टरनेश सेवा जोड्ने कार्यक्रम सम्पन्न । इन्टरनेटको विस्तारको कार्य नगर कार्यपालिकाको कार्यालयका मातहतका कार्यालयमा विस्तार गर्ने रणनीति रहेको छ ।
- श्रव्य दृश्यको माध्यमबाट अन्तरक्रियात्मक कक्षा सञ्चालन गरी गुणस्तरीय शिक्षा प्रवर्धन गरीएको ।
- प्रत्येक विद्यालयका प्रधानाध्यापकसँग व्यवस्थापन कार्य सम्पादन करार सम्झौता गरी शैक्षिक क्रियाकलापलाई गुणस्तरीय र जिम्मेवार बनाइएको ।
- शिक्षा क्षेत्रमा विशेष योगदान गर्ने शिक्षाविद् तथा शिक्षाकर्मीलाई नगर शिक्षा पुरस्कारबाट पुरस्कृत गरीएको ।
- विद्यालय अनुगमन तथा निरिक्षण कार्यक्रमलाई निरन्तर र प्रभावकारी रुपमा सञ्चालन गरीएको ।
- विद्यालय भर्ना अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गरी विद्यालय बाहिर शुन्य बालबालिका नीति प्रभवकारी रुपमा कार्यान्वयन गरीएको । गत बर्ष शैक्षिक तथ्यांक प्रणालीमा ९१ प्रतिशत बालबालिका विद्यालय भर्ना भएको यस बष EMIS प्रणालीमा रेकर्ड गरीएको तथ्यांक अनुसार करिब ९६ प्रतिशत बालबालिकालाई विद्यालय भर्ना अभियानमा जोड्न सफल भएको । विद्यालय ड्रप आउट दर गतबर्ष १२ प्रतिशत रहेकोमा यस बर्ष ५ प्रतिशतमा झार्न सफलता मिलेकोछ ।
- विज्ञान प्रयोगशाला, सूचना प्रविधि प्रयोगशाला, पुस्तकालय तथा भौतिक पुर्वाधारका योजना सहित शिक्षा युवा तथा खेलकुद विकास शाखामा विनियोजित करिब नब्बे प्रतिशत कार्यक्रम प्रभावकारी रुपमा सम्पन्न भएको ।
- विद्यालयमा आइ.सि. टि., वाल उद्यान कक्षाकोठा व्यवस्थापन लगायत विद्यालय सुधारका कार्यक्रमहरु संचालनमा ल्याइएको छ ।
- नगर खेलकुद प्रतियोगिता तथा प्रदेश स्तरीय फूटलब प्रतियोगिता सफलतापूर्वक सम्पन्न भएकाछन् ।
- किशोर किशोरीहरूका लागि यौन तथा प्रजनन् स्वास्थ्य शिक्षा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरी प्रत्येक विद्यालयमा छात्राहरूका लागि निशुल्क सेनिटरी प्याड सहज रुपमा उपलब्ध गराएएको ।

## २. जनस्वास्थ

- स्वास्थ क्षेत्रमा घोषीत प्रमुख नीतिअनुसारका सवै कार्यक्रम प्रभावकारी रुपमा सम्पन्न भएको ।
- प्रसुती सेवामा स्वास्थ संस्था सम्म जाँदा दिइरहेको निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइएको ।

- ८० बर्ष काटेका जेष्ठ नागरीकलाई हरेक महिना घरदैलोमै स्वास्थ जाँच तथा अत्यावश्यक निःशुल्क औषधी वितरण सेवा सञ्चालन गरीएको ।
- नगरमा रहेका स्वास्थकर्मी, विशेषज्ञ डाक्टर तथा महिला स्वास्थ स्वयंसेवीकाहरू मार्फत सर्ने र नसर्ने रोगका बारे सचेतना तथा विशेष स्वास्थ अभियान सञ्चालन गरीएको ।
- क्षयरोग, एच.आई.भी, औलो तथा पानीबाट सर्ने लगायतका सरुवा रोगहरूको रोकथाम, नियन्त्रण, उपचार तथा पुनः स्थापनामा प्राथमिकता दिई स्वास्थ सचेतना कार्यक्रम सञ्चालन गरीएको ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रोत्साहन सुविधा उपलब्ध गराइएको ।
- नगरका १८ वटै स्वास्थ संस्थाहरुमा दरबन्दी अनुसारको जनशक्ति अपुग भएको स्थानमा करार सेवाबाट पदपूर्ति गरीएको ।
- सवै वडाका स्वास्थ संस्थाहरुबाट सरकारले तोकेको ७२ प्रकारको औषधी निःशुल्क वितरण गरीएको ।
- सवै स्वास्थ संस्थाहरुमा बर्थिङ सुविधा, स्वास्थ उपकरण र अत्यावस्यक प्रयोगशाला उपकरण वितरण गरीएको ।
- १४ वडाको १८ वटा स्वास्थ संस्था, २० वटा गाउँघर क्लीनिक र ३३ वटा खोप केन्द्रहरु तथा ६३ जना महिला स्वास्थ स्वयंसेवीका हरु मार्फत पूर्ण खोप अभियान सञ्चालन गरीएको । जसबाट गत बर्ष पूर्ण खोप प्राप्त गर्ने ८६ प्रतिशत बालबालिका रहेको रेकर्ड राखिएकोमा यस बर्ष ९२ प्रतिशत बालबालिकालाई अनिबार्य गरीएका खोप लगाउन सफल भएको ।

## ३. कृषि तथा पशुपंक्षी विकास

- कृषि तथा पशुपंक्षी विकास का लागि घोषित नीति अनुसार विनियोजन भएका अधिकांश योजना र कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरीएको ।
- अत्याधुनिक कृषि प्रणालीका लागि वडा नंबर १२ मा नमूना हाईटेक नर्सरीको स्थापना भएको । साथै टनेल तथा थोपा सिंचाई जस्ता प्रविधिहरूको विस्तार गरी आधुनिक प्रविधियुक्त कृषि कार्यक्रमलाई लगभग सवै वडाहरुमा ५० प्रतिशत लागत साझेदारीमा सम्पन्न गरीएको ।
- नीलकण्ठ नगरलाई जैविक विषादी रहित नगरको रुपमा स्थापित गर्न जैविक विषादी र प्रांगारिक मलको उत्पादन तथा प्रयोग गर्न प्रांगारिक मल उत्पादन तथा जैविक विषादी निर्माण तालिम सञ्चालन गरीएको ।
- पशु बीमा कार्यक्रमलाई निरन्तरता दिई ९० प्रतिशत विमा अनुदान नगरपालिकाबाट ब्यहोरिएको ।
- स्थानीय प्रजातिका धान मकै, कोदो, कोसेवाली लगायतका अन्नहरूको संरक्षणको लागि वडा नंबर ८ र २ मा स्थानीय बिउ बैंक स्थापना गरीएको ।
- मौरी पालल ब्यवसाय गर्ने किसानलाई लागत साझेदारीमा सहयोग गरी वडा नम्बर ८ मा मौरी श्रोत केन्द्र स्थापना गरीएको ।

- नगरका सवै कृषि तथा पशु सेवा केन्द्रहरुबाट आवस्यक जनशक्ति परिचालन गरी कृषकहरुको माग अनुसारको सेवा उपलब्ध गराइएको ।
- एकिकृत घुम्ती शिविरमार्फत कृषि तथा भेटेनरी सेवालाई सवै वडा र समुदाय सम्म विस्तार गरीएको ।
- जुनेटिक रोग सचेतना, ५० प्रतिशत लागतमा आधुनिक टाट्नो वितरण तथा एक वडा एक उत्पादनको नीति अनुसार १४ वटै वडाबाट माग भएका कार्यक्रम अनुसारका गतिविधि सम्पन्न भएकाछन् ।

## ४. उत्पादन तथा उद्यमशिलता र सहकारी

- बेरोजगार युवा तथा जनशक्तिको ब्यावसायीक योजनाको आधारमा २ देखि १५ लाख सम्म विना धितो वा धितो राखेर सहुलियत कर्जा नेपाल बैंक लिमिटेड संगको सहकार्यमा उपलब्ध गराइएको ।
- निर्वाहमुखी पशुपालन गर्ने किसानहरूलाई ब्यवसायीक बनाउन दाना, घाँस, गोठ, खोर निर्माणमा अनुदान अनुदानको  व्यवस्था मिलाईएको ।
- नगरपालिका मातहतमा २ वटा सहकारी संस्थाहरुमार्फत उत्पादन तथा स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गर्न चाहेमा ५० प्रतिशत लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरीएको ।
- मेयर उद्यमशिलता विकास कार्यक्रमको ब्यवसायीक सचेतना तालिम १४ वटै वडामा सञ्चालन गरी वार्षिक करिव २८० जना उद्यमीहरुलाई सहूलियत कर्जाका लागि सहजिकरण गरीएको ।
- एक वडा एक उत्पादन कार्यक्रम अन्तर्गत वडा नंबर ५ मा उखु खेती, वडा नंबर ८ मा नमूना मौरी पकेट कार्यक्रम र वडा नंबर ७ मा अदुवा उत्पादन कार्यक्रम नमुना कार्यक्रमहरुलाई निरन्तरता दिइएकोछ ।
- नगर क्षेत्रका सहकारीहरुको क्षमता विकासका लागि ५८ वटा सहकारी संस्थालाई संस्थागत क्षमता विकास तालिम राष्ट्रिय स्तरका सहकारी विज्ञहरुमार्फत सञ्चालन गरीएको ।

## ५. सडक, खानेपानी, पुर्वाधार विकास तथा नगरगौरबका योजना

### भौतिक प्रगतिको अवस्था:

- यस चालु आर्थिक वर्षमा सडक, खानेपानी, सामुदायिक भवन, नाला निर्माण, पुल, भवन लगायत विभिन्न पूर्वाधारहरुमा काम भई प्रगति गरेको छ। गत आ.व को तुलनामा चालु आ.व सडक स्तरोन्नति कामहरु,खानेपानी सेवा विस्तारको कामहरु सम्पन्न भएका छन। यस

आ.व मा टज्ञद्द योजना मध्ये छण्ट वटा योजना सम्पन्न भएका छन त्यो भनेको करिब ८२६७% प्रतिशत हुन आउँछ।ती मध्ये महत्वपुर्ण कार्यहरु यस प्रकार रहेका छन ।

- सडक विस्तार गर्नेः नीलकण्ठ नगरपालिकाले स्वीकृत वार्षिक योजना र कार्यक्रम अन्तगर्त रहेर चालु आ.व. मा पनि सडक विस्तारको कार्य तिब्र भएको छ।वडा नं. १ देखि १४ सम्म गरेर करिब घघ.द्धछछ किलोमिटर सडक खन्ने काम भई नयाँ सडकहरु थपिएको छ ।
- सडक स्तरोन्नति कार्यः नगरपालिकाले सडक स्तरोन्नतिमा बजेट विनियोजन गर्दा नै न्युनतम डण प्रतिशत काम नाला निर्माण, कल्भर्ट तथा ग्राभेलिङ्गमा खर्च गर्ने गरी नीति लिएअनुरुप करिब द्दज्ञ.द्दघ कि.मि सडक चौडा गरीएको तथा ठज्ञ.द्धछ  कि.मि पक्की नाला निर्माण गरिएको तथा ढ.डद्ध कि.मि सडक ग्रावेल गरी स्तरोन्नति गरिएको छ ।
- खानेपानी सेवा विस्तारः तिर्खामुक्त नगरको अवधारणालाई सार्थक बनाउन सबै वडामा खानेपानीको लागि आवश्यक बजेट बिनियोजन गरी धारा निर्माण गर्ने, इन्टेक निर्माण तथा संरक्षण, पाइपलाइन विस्तार लगायतका कार्यहरु भएको छ।चालु आ.व मा ट्याङ्की निर्माण छद्द वटा, इन्टेक निर्माण छज्ञ वटा, पाइप लाईन खन्ने पुर्ने कार्य ठद्ध कि.मि काम सम्पन्न भएको छ।त्यस्तै टडघ वटा खानेपानी धारा निर्माण कार्य सम्पन भइसकेको छ ।
- खेलमैदान तथा पार्क निर्माण कार्यः नीलकण्ठ नगरपालिकाको विभिन्न वडाहरुमा गरेर चालु आ.व मा मात्र ज्ञद्द वटा खेलमैदान निर्माण गरिएको छ। त्यस्तै १ वटा पार्क वडा नं. घ मा निर्माण गरिएको छ ।
- विपद सम्बन्धि कार्यः विपदजन्य कार्यको लागि खोलाहरुमा पर्खाल लगाउने ग्याविन जाली भर्ने, सडक पहिरो पन्छाउने , सडक सतह सफा गर्ने लगायतका कार्यहरु यस आ.व मा पनि भएको छ। जोखिम संवेदनशिल भूउपयोग योजना तयार भइ कार्यान्वयनमा आएको छ।सोही अनुरुप एकिकृत बस्ति विकास योजनाको लागि भुकम्प पिडित बस्तीमा सडक निर्माण योजना कार्यान्वयन भएको छ।त्यस्तै विपद व्यवस्थापन समितिको निर्णयबाट विभिन्न बस्तीहरुको संरक्षणको लागि रिटेनिङ्ग वाल, पर्खाल, ग्याविन जाली को काम हरु गरी सम्पन्न भएको छ ।
- यस अघि निर्माण थालनी भै अधुरो रहेका भवन तथा पुर्वाधारहरूलाई पूर्णता दिई निर्माण सम्पन्न भएकोछ । जसमा वडा नंबर २ र ९ मा भ्यु प्वइन्ट तथा परिसर सजावट, बजार क्षेत्रको नमूना सडकपेटी आयोजना रहेकाछन् ।
- तिर्खामुक्त नगरको घोषणा सफल बनाउन ठूला साना सवै खानेपानी आयोजनाहरूलाई प्राथमिकता दिई एक घर एक धाराको नीति अनुसार सर्भिस फर पिस संगको साझेदारीमा सञ्चालित ५ वटा बृहत खानेपानी आयोजना सम्पन्न भै करिब ३ हजार ५ सय घरधुरीमा एक घर एक धारा जडान सहितको खानेपानी सेवा विस्तार भएको । साथै वडा नं. २, ३, ४ र १२ लाई समेटि सहलगानी कोष मार्फत जिल्लाकै सवै भन्दा ठूलो  ४६ करोड वरावरको खानेपानी आयोजना सञ्चालनका लागि निर्माणाधिन अवस्थामा रहेको छ ।
- यस अघिका नीति कार्यक्रममा सम्बोधन भै नगर गौरबका योजनाका रुपमा क्रमागत चलिरहेका चक्रपथ र करिडोरलाई निरन्तरता दिइएको । यस बर्षदेखि चक्रपथको ट्र्याकमा स्तरउन्नती गरी गाडी सञ्चालन गर्न सक्ने बनाइएकोछ । १ किलोमिटर करिडोर सडक रिटनीङवाल, नाला र ग्राभेलिङ सहित निर्माण भएको । यस अघि सर्भे भएका बाहेक नयाँ

सडक ट्रयाक खोल्न निरुत्साहित गरीएको । गत बर्षको तुलनामा झण्डै करिव २४ प्रतिशत सडकको ग्राभेल सहितको स्तरबृद्धि गरीएको ।

- नमूना योजनाको रुपमा धादिङबेशी बजारको मूल सडकपेटी निर्माण सम्पन्न सम्पन्न भएको । करिडोर र चक्रपथका सडक किनारमा रंगरोगन तथा हरियाली प्रवर्द्धन गरीएकोछ ।
- धादिङबेशी बजारको सजावट तथा रंगरोगन र अव्यवस्थित तारहरूलाई सम्बन्धित सेवाप्रदायकहरू संगको सहकार्यमा व्यवस्थित गरीएकोछ ।
- नगरक्षेत्रमा निर्माण भएका सवै भवनहरूको मापदण्ड अनुरुप भवन निर्माण सम्पन्न प्रमाणपत्र र अन्यमा अभिलेखिकरण प्रमाणपत्र प्रदान गरीएकोछ ।
- धादिङबेशी बजार र आसपासका क्षेत्रमा आधुनिक भु व्यवस्थापन प्रणाली प्रयोग गरी सार्वजनिक जग्गा पहिचान कार्य गरीएकोछ । सवै सार्वजनिक जग्गालाई नक्सांकन गरी अतिक्रमणबाट जोगाउँदै सार्वजनिक रुपमा सदुपयोग गर्न शुरुवात गरीएकोछ ।
- नगरपालिकाको १ करोड लागत सहयोगमा ब्याडमिन्टन कभर्डहल निर्माण सम्पन्न भएकोछ । वडा नं. ४ मा दलित छात्रावास भवन, वडा नं. १२ मा जेष्ठ नागरीक संरक्षण गृह, वडा नं. ८ मा कृषि उत्पादन संकलन केन्द्र, वडा नं. ३ मा तरकारी संकलन केन्द्र र विभिन्न वडाहरुमा सामुदायिक भवन निर्माण सम्पन्न भएकाछन् ।
- नगर गौरबको आयोजनाका रुपमा ९८ किलोमिटरको चक्रपथ, ८ किलोमिटरको करिडोर तथा कभर्डहल निर्माण कार्य सम्पन्न भएकोछ ।

## ६. लक्षित बर्ग तथा सामाजिक समावेशीकरण सम्बन्धी प्रतिवेदन

- लैंगिक समानता र महिला हिंसा विरुद्धको अभियान सफल पार्न विभिन्न संघ संस्थाका कार्यक्रमहरुमा सहयोग गरीएको तथा १६ दिने अभियानमा विशेष कार्यक्रम आयोजना गरीएको ।
- नीलकण्ठ नगरपालिकको समग्र बजेटलाई लैंगिक समावेशी बनाउन लैंगिक बजेट परिक्षण सम्पन्न गरीएको ।
- दलितहरुको शसक्तिकरण तथा नेतृत्व विकासका लागि नगर क्षेत्रका विभिन्न पार्टी, दलित संघसंस्था तथा समूदायका अगुवा दलित नेताहरुलाई विशेष नेतृत्व विकास तालिम सञ्चालन गरीएको ।
- बाल विवाह विरुद्धको त्रीवर्षीय रणनीतिक योजना तथा बालमैत्री स्थानीय तह घोषणा कार्ययोजना तयार गरी वडा नं. ८ लाई बालमैत्री वडा घोषणा गरिएको ।
- सामाजिक कुरिती, बोक्सी प्रथा, छुवाछुत, लैंगिक विभेद र हिंसाका घटनाहरुको अभिलेख र निराकरणका लागि उजुरी दर्ता रेकर्ड राखिएको तथा राष्ट्रिय स्तरका कलाकारहरुबाट ९ वटा वडाहरुमा सचेतनामूलक  सडक नाटक प्रदर्शन गरीएको ।
- नीलकण्ठ नगरपालिकाको लैंगिक तथा सामाजिक समावेशीकरण नीति अनुसार हरेक कार्यक्रम तथा योजनाहरुमा लैंगिकमैत्री नीति अबलम्बन गरीएको । साथै नगरपालिकाबाट गठन हुने हरेक समिति उपसमितिहरुमा समानुपातिक समावेशीता कायम गरीएको ।

- जेष्ठ नागरीकहरूका लागि वडा नंबर २ र १२ मा आश्रय तथा विश्राम केन्द्र र १४ वटै वडामा घरदैलोमा नियमित उपचार सहायता कार्यक्रम सञ्चालन गरीएको ।
- नगरका सवै वडाका आरनहरुलाई स्तरबृद्धिका लागि आरन सुधार कार्यक्रम सञ्चालन गरीएको ।
- अपांगता भएका नगरबासीलाई आवश्यक सामाजिक सुरक्षा, सिपविकास, जिविकोपार्जनका लागि विउपुँजि हस्तान्तरण तथा पहेँलो कार्ड लिएका अपांगता सहायता निर्देशिका जारी गरी रु ६ हजार बराबरको साहायता सामाग्री वितरण गरीएको ।
- नीलकण्ठ नगरपालिकाको वडा नं. १२ र वडा नं. ४ मा रहेको बाल आश्रमलाई आवस्यक सहयोग तथा स्तरबृद्धि गरीएको ।
- नीलकण्ठ नगगरपालिकाको वडा नं. ४ मा रहेको हिंसापिडित महिला आश्रय केन्द्र तथा सुरक्षित आवासमा आवस्यक खाद्यान्नको सहयोग तथा भवन निर्माणमा सहयोग गरि सहयात्री नेपाल संगको सहकार्यमा लैंगिक हिंसा पिडित सहायता तथा संरक्षण गृह सञ्चालन  गरीएको ।
- नगर क्षेत्रका सवै वडाहरुमा गठित टोल विकास संस्थाहरुले गर्ने सामाजिक सचेतना तथा घरेलु हिँसा विरुद्धको कार्यक्रमहरुमा सहयोग गरीएको ।
- महिला हिंसा र सामाजिक विभेदका विरुद्ध शुन्य शहनशीलताको नीति अख्तियार गरीएको । नगरपालिकामा हिंसा विरुद्धको घटना दर्ता अभिलेख राखि न्युनिकरण योजना राखिएकोमा सचेतना र आवस्यक बहस पैरवीका कारण हिंसाका उजुरी नपरेको ।

- दलित वालवालिकाहरूका लागि छात्रबृत्ति कार्यक्रम तथा छात्रबासका लागि आवश्यक प्रवन्ध गरीएको ।

## सामाजिक प्रभाव अध्ययनः

संघीय संरचनाअनुसार तीनै तहबाट सरकार संचालन भईरहेको सन्दर्भमा संघीयताको मर्म अनुसार नागरिकलाई न्यायोचित र समतामूलक विकासको प्रत्याभूति दिलाउन विभिन्न क्षेत्रमा विकास काकार्यक्रम स्थानीय तहले संचालन गरिरहेको अवस्थामा यस नगरपालिका पनि अगाडि बढिरहेको छ । स्थानीय तहले विकासका विभिन्न क्षेत्र केन्द्रीत कार्यक्रम संचालन गर्दा राष्ट्रिय र अन्तराष्ट्रिय प्राथमिकता तथा सन्धि सम्झौतालाई पनि समेट्नु पर्ने देखिन्छ । स्थानीय तहले आफ्नो कार्य संचालन, संस्थागत विकास एवम् दीर्घकालिन सोच अनुरुपका प्राथमीकता र आवश्यकतालाई मध्यनजर गरेर समानुपातिक हिसावले बजेट विनियोजन गरी खर्च गर्नुपर्ने व्यवस्था नेपालको संविधानको भाग १७,१८ र १९ मा स्थानीय सरकारको सञ्चालन तथा व्यवस्थापनको भुमिकाका विषयमा स्पष्ठ पारिएको छ।स्थानीय सरकारद्वारा बजेट निर्माण तथा वजेट तर्जुमा गर्दा सबै विषय/क्षेत्रमा विभाजन गरी दीर्घकालिन रुपमा विकासका गतिविधि सञ्चालन हुने किसिमका क्षेत्रमा

प्राथमीकता दिदै आयको आधारको खोजी गर्नुपर्दछ । विभिन्न शीर्षकहरूमा गरिने विनियोजन र खर्च, खर्चको अभिलेख र लेखाजोखा विभिन्न समय चक्रमा त्यसको पुर्नमूल्याङन गरिनु पर्दछ । कार्यान्वयन गरिएका विषयगत योजनाको लगानीअनुसार प्रतिफल प्राप्त भए नभएको मूल्याङन गरी आगामी कार्यक्रममा गरिने क्रियाकलापमा नियमित गर्ने वा नयाँ क्रियाकलाप गरिनुपर्ने निर्णय गरिनु पर्दछ ।

नीलकण्ठ नगरपालिका अन्तरर्गत रहेका १४ वटै वडाहरुमा आर्थिक, धार्मिक, सांस्कृतीक, पर्यटन स्थलहरु लगायत सार्वजनिक महत्वका विषयमा विनियोजन गरेको वजेटवाट आम नागरिक र समाजमा परेको प्रभावको मुल्याङ्कन गरी आगामी वर्षहरुमा त्यसलाई मध्यनजर गरी विकास तथा सामाजिक क्षेत्रका गतिविधि सञ्चालन गर्ने सकियोस वा मार्गदर्शकको रुपमा चित्रण होस भन्ने हो। जसले गर्दा नीलकण्ठ नगरपालिकाको बिकास निर्माणका कार्यको समग्रतामा मुल्याङ्कन गर्दा यस प्रकारको कार्यले कहि कतै कमि कमजोरी भएका छन् भने त्यस्ता कार्यहरुलाई सच्याउनको लागि पनि मार्ग प्रशस्त गर्नेछ।

आर्थिक बर्ष २०७८/०७९ मा नगरपालिकाबाट सामाजिक क्षेत्रमा भएका लगानी र आयोजनाहरुको प्रभाव मुल्यांकन गर्न सामाजिक अध्ययन कार्यक्रम सम्पन्न भएकोछ । जसबाट नगरपालिकाको पहिलो कार्यकालको प्रारम्भ देखिको ४ बर्षमा भएका आर्थिक तथा सामाजिक क्षेत्रका लगानी र त्यसको प्रभावको अध्ययन गरीएकोछ। जसबाट महिला, जेष्ठ नागरीक, अल्प संख्यक, सिमान्तकृत, दलित र अपांगता भएका ब्यक्तिको सामाजिक र आर्थिक उत्थानमा भएको परिवर्तन र प्रभावको पहिचान भएकोछ। गत ४ बर्षको नगरबाट विनियोजित बजेटको तुलनात्मक अध्ययन गर्दा झण्डै १२ प्रतिशत बजेट सम्बन्धित लक्षित समुदायको आर्थिक र सामाजिक उत्थान तथा सहायता हुने गरी भएको देखिएकोछ । २०७७/०७८ को बजेटमा लक्षित बर्गलाई फाइदा हुने गरी भएको लगानीको अनुपात कूल समानिकरण बजेटको १४ प्रतिशत देखिएकोछ। यस अध्ययनले लक्षित बर्गमा केन्द्रित कूल ४५ वटा योजना तथा कार्यक्रमको प्रभाव अध्ययन गरिएको थियो ।

## ९. साझेदारी र समन्वयः

- प्रदेश सरकारको समपूरक बजेट साझेदारीमा धादिङ खाल्टे सडक, देविथान भुल्भुले सडक, जुरेढुंगा पौवाखाल्टा सडक तथा बागेढुंगा पौवा भैरवीथान सडक स्तरोन्नती करिब आठ करोडको लगानीमा सम्पन्न भएकोछ। प्रदेश समपुरक बजेटबाट सम्पन्न

भएका योजनाहरुमा टेण्डर भै बचत भएको रकम र अधुरो रहेको काम नगरपालिकाकै बजेट थप गरि सम्पन्न गरिएकालेसाझेदारी लागत ६५ प्रतिशत सम्म गरिएकोछ ।

- अन्तरपालिका समन्वय र साझेदारीलाई परिणाममुखी बनाउन गोरखाको गोरखा नगरपालिका संग भगिनी सम्बन्ध स्थापित गरि विपद् व्यवस्थापनमा अनुभव क्षमताको आदान प्रदान साथै आर्थिक लगानीका क्षेत्रहरुमा समेत साझेदारी गर्ने निर्णय भएकोछ । धादिङ
- नगर लगानी कोषको सहकार्यमा ५२ करोडको लागतमा बसपार्क सञ्चालन, केन्द्रीय सहलगानी खानेपानी आयोजनाको सहकार्यमा ४६ करोडको धादिङवेशी बृहत खानेपानी आयोजना निर्माणको प्रारम्भिक चरणमा, उद्योग मन्त्रालयको सहकार्यमा १४ करोडको नगर उद्योग ग्राम स्थापना तथा २ करोडको लागतमा भैरवी पर्यटन क्षेत्र विकास आयोजना सञ्चालन स्वीकृती भै काम अघि बढिरहेकोछ ।
- सर्भिस फर पिस कोरिया र कोरिया सहायता नियोग कोइका संगको सहकार्यमा करिब ९ करोडको लागतमा नगरका विभिन्न ५ वटा वडामा बृहत खानेपानी आयोजना यसै बर्ष सम्पन्न भएकोछ ।

## १०. हरियाली, वातावरण संरक्षण, नविकरणीय उर्जा तथा फोहोरमैला ब्यवस्थापन

- नीलकण्ठ नगरपालिकाको झण्डै ५० प्रतिशत क्षेत्र ओगट्ने सरकारी वनको उचित संरक्षण तथा नीजि, सामुदायिक र कबुलियती वनको संरक्षण र प्रवर्द्धनमा जिल्ला वन कार्यालय धादिङ, सामुदायिक उपभोक्ता महासंघ, टोल विकास संस्थाहरु एवं वन उपभोक्ता समूहहरु संगको सहकार्यमा सचेतना तथा हरियाली प्रवर्धन र बृक्षारोपण कार्य सम्पन्न भएकोछ ।
- नगरपालिकाको कम्तिमा ७० प्रतिशत भागलाई हरियाली बनाउने लक्ष्य अनुरुप नीजि जग्गा, घरआँगनमा हरियाली प्रवर्द्धन गर्न नगरबासीलाई विरुवा निशुल्क वितरण गरीएकोछ ।
- खोला खोल्सामा वृक्ष तथा बाँस रोपण, तटवन्धन, गर्न भु संरक्षण कार्यक्रम मागमा आधारित भै सञ्चालन गरीएकोछ ।
- नगरपालिकामा सञ्चालन हुने ठूला आयोजनाहरूको अनिवार्यरुपमा वातावरणीय प्रभाव मूल्याङ्कन गरी वातावरण मैत्री ब्यवस्था गरीएकोछ ।
- फोहोरमैला संकलन तथा ब्यवस्थापनमा आधुनिक प्रविधि तथा श्रोतमै बर्गिकरण गर्ने प्रक्रियाको थालनी गरीएकोछ ।
- घरको छत र वरण्डामा कौशि खेती तथा फूलरोपण शुरुवात गरी नगरलाई सफा र हरियो नगरको रुपमा विकास तालिम तथा सामाग्री अनुदान उपलब्ध गराइएकोछ।
- फोहोरको अन्तिम विसर्जन स्थलको उचित ब्यवस्थापन तथा नीजि साझेदारी मोडेललाई प्रभावकारी बनाउँदै फोहोरबाट उर्जा उत्पादन योजना शुरुवात गरीएकोछ ।

- फोहोर उत्पादन कम गर्ने तथा पुन प्रयोग गर्न जनचेतनामुलक कार्यक्रम टोल विकास संस्था र नीजि क्षेत्र संगको सहकार्यमा सञ्चालन गरीएकोछ ।
- नीलकण्ठ नगरपालिकाको वडा नंबर १० लाई वातावरणमैत्री वडा घोषणा गरिएकोछ ।
- नीलकण्ठ नगरपालिकाको फोहोरमैला व्यवस्थापन ऐन तथा कार्यविधि, २०७६ अनुसार फोहोरमैला व्यवस्थापन समिति, टोलसुधार समिति तथा अन्य सरोकारवालाहरू संग सहकार्य गरी प्रभावकारी कार्यक्रम सञ्चालन गरीएकोछ ।

## ११. सुशासन तथा संस्थागत क्षमता विकास

- नीलकण्ठ नगरपालिका छैठौं नगरसभाबाट गठित लेखा समितिलाई कानून अनुसार सक्रिय र स्वतन्त्र निकायको रुपमा विकास गरी सुशासन र लेखा नियन्त्रण, आन्तरिक नियन्त्रण प्रणालीको विकास, नियमन गर्ने थालनी गरीएकोछ ।
- नगरपालिकाबाट प्रवाह गरीने सेवा सुविधा प्रविधि मैत्री बनाउँदै विद्युतीय शासन प्रणालीको विकास, अनलाईन सेवा वडा स्तरबाट तथा सूचनाप्रविधि मैत्री बनाइएकोछ ।
- नियमित रुपमा हरेक चौमासिकमा सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण तथा नागरिक सन्तुष्टी सर्वेक्षण गरि सो को पृष्ठपोषणको आधारमा संस्थागत सुधारका क्रियाकलाप सञ्चालन गरिएकोछ ।
- नगरपालिकाको समग्र क्षमता विकास योजना तयार गरी योजनाले निदृष्ट गरेका तालिम, अवलोकन तथा अन्य क्षमता अभिबृद्धि संग सम्बन्धीत कार्यक्रम सञ्चालन भएकोछ ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको अफिस व्यवस्थापन सम्बन्धी पाठ्यक्रममा आधारित तालिम सवै कर्मचारीलाई र नगरको कानून, नीति नियम सम्बन्धी जानकारी समेटिएको नेतृत्व विकास तालिम सवै जनप्रतिनीधिलाई प्रदान गरीएकोछ ।
- जसका लागि यस अघि दर्ता भै नविकरण नभएका व्यवासयलाई शतः प्रतिशत जरिवाना छुटको व्यवस्था गरीनेछ ।
- नगर प्रमुख र अन्य कार्यपालिका पदाधिकारी, प्रमुख प्रशासकीय अधिकृत तथा मातहतका सवै शाखा प्रमुख तथा कर्मचारीहरूसंग कार्य सम्पादन सम्झौता गरी उचित मूल्याङ्कन तथा पुरस्कारको व्यवस्था गरीएकोछ ।
- नगरपालिकाको समग्र संगठन संरचनाको यथार्थ अवस्था अध्ययन गराई आवश्यक सुझावको आधारमा संस्थागत संरचनामा सुधार गर्न संगठन तथा व्यवस्थापन सर्भेक्षण कार्य सम्पन्न गरीएकोछ ।
- न्यायीक समितिको उजुरी, मेमिलापकर्ता मार्फतको सहजिकरण, निर्णय अभिलेख र फर्छ्यौट दस्तावेजलाई थप व्यवस्थित गरिएकोछ ।

## ११. बिपद् ब्यवस्थापन

विपद् ब्यवस्थापनमा नीलकण्ठ नगरपालिका देशकै उत्कृष्ठ कार्य गर्ने नगरको रुपमा पुरस्कृत भएकोछ । विपद् सूचना प्रणाली, आपद्कालीन कार्य सञ्चालन केन्द्र, नि:शुल्क एम्बुलेन्स, दमकल सेवा तथा

नगर प्रहरी मार्फत चौबिसै घण्टा विपद् प्रतिकार्य निगरानी, प्रतिकार्य योजनाका साथ विपद्मा तत्काल राहत तथा पुनर्स्थापनाको लागि सहयोग निरन्तर हुने प्रणालीको विकास गरिएकोछ । नगरका झण्डै ८० प्रतिशत बसोबास क्षेत्रमा दमकल, एम्बुलेन्स लगायत आकस्मीक सेवाहरुको पहूच पुगेकोछ । विपद् व्यवस्थापन कोष स्थापना गरि नगर बिपद् व्यवस्थापन समिति तथा नगर कार्यपालिका को निर्णयबाट एवं तत्काल आवस्यक पर्दा नगरप्रमुखको निर्देशनबाट उद्धार तथा सहायता हुने प्रणाली विकास गरि आवस्यक बजेट खर्च भएकोछ । साथै छिमेकी पालिकाहरु खनियाबास, नेत्रावती, गंगाजमुना, ज्वलामुखी र बेनीघाट रोराङ गाउँपालिका संग विपद् व्यवस्थापनमा मानव श्रोत, साधन र आर्थिक साझेदारी गर्ने सम्झौता गरि सहकार्य प्रारम्भ भएकोछ ।

नीलकण्ठ नगरपालिका आय विवरण

**नगर कार्यपालिकाको कार्यालय (८०३३०४०२३००)**

**आ.व. २०७८/७९ ( अवधि :२०७८/०४/०१ देखि २०७९/०३/३१ )**

| शिर्षक | प्रस्तावित आय | वास्तविक आय |
|---|---|---|
| 11314 भूमिकर /मालपोत | २०००००० | |
| ११३२१ घरबहाल कर | ३५००००० | |
| ११४७९ अन्य मनोरंजन कर | ५०००० | |
| ११६११ व्यवसायले भुक्तानी कर | ५००००० | |
| ११६९१ अन्य कर | १४०००० | |
| १४२१२ सरकारी सम्पतिको विक्रीबाट प्राप्त रकम | १००००० | |
| १४२१३ अन्य विक्रीबाट प्राप्त रकम | १५००००० | |
| १४२२५ यातायात क्षेत्रको आम्दानि | ० | |
| १४२४२ नक्सा पास दस्तुर | ८६००००० | |
| १४२४३ सिफारिश दस्तुर | १००००००० | |
| १४२४५ नाता प्रमाणित दस्तुर | ५००००० | |
| १४२४९ अन्य दस्तुर | १५००००० | |
| १४३१२ प्रशासनिक दण्ड , जरिवाना र जफत | १०००० | |
| १४५२९ अन्य राजस्व | १५००००० | |
| ३२१२२ बैंक मौज्दात | ३७७८१७६१८ | |
| **अन्तरिक राजस्व स्रोत** | ४०७८१७६१८ | **३७१८४५९०५** |
| **कुल आय** | १३०८७८८२४८ | **१२३२९७४७९९** |
| **अन्तरिक आयको प्रतिशत** | | ३०% |

**आ.व. २०७८/७९ पुँजीगत खर्चको व्यय**

| संकेत | पूँजिगत खर्च शिर्षक | आ.व.७८/७९को अनुमान | अन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
|---|---|---|---|---|---|
| ३११११ | भवन खरिद | ५६५८०६०० | ४२७९१७८० | ९६५०००० | ४१३८८२० |
| ३१११२ | भवन निर्माण | | | | |
| ३१११३ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | | | | |
| ३१११५ | फर्निचर तथा फिक्चर्स | २९८६६००० | २६३९१००० | २९७५००० | ५००००० |
| ३११२० | सवारी साधन तथा मेशिनरी औजार | | | | |
| ३११२१ | सवारी साधन | | | | |
| ३११२२ | मेशिनरी तथा औजार | | | | |
| **३११३०** | **अन्य पूँजीगत खर्च** | ८२३९००० | ३३००००० | ४९३९००० | ० |
| ३११३१ | पशुधन तथा बागवानी विकास खर्च | ८१०२५० | ८१०२५० | ० | ० |
| ३११३२ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च एवं अन्य बौद्धिक सम्पत्ती प्राप्ति खर्च | | | | |
| ३११५१ | सडक तथा पूल निर्माण | | | | |
| ३११५२ | रेलमार्ग तथा हवाई मैदान निर्माण | ० | ० | ० | ० |
| ३११५० | सार्वजनिक निर्माण | ४५८०२३९७० | २०६७८३९७० | २०२७५०००० | ४८४९०००० |
| | | | | | |
| | कुल पुँजीगत खर्च | ५५३५१९८२० | २८००७७००० | २२०३१४००० | ५३१२८८२० |
| **पाँच लाख भन्दा कमका योजना बजेट (संख्या:262)** | | ६६१२३३७७ | १६८५५६८६ | ४९२६७६९१ | |
| **कुल पुंजीगत बजेटमा ओगटेको प्रतिशत** | | | ८.३७% | | |

नीलकण्ठ नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय (८०३३०४०२३००)**

| आ.व. २०७८/७९ पुँजीगत खर्चको व्यय | अन्तर सरकारी वित्तीय हस्तान्तरण |
|---|---|

<table>
<tr><th>संकेत</th><th>पूँजिगत खर्च शिर्षक</th><th>आ.व.७८/७९को अनुमान</th><th>अन्तरिक स्रोत</th><th>नेपाल सरकार</th><th>प्रदेश सरकार</th></tr>
<tr><td>३११११</td><td>भवन खरिद</td><td rowspan="3">५६५८०६००</td><td rowspan="3">४२७९१७८०</td><td rowspan="3">९६५००००</td><td rowspan="3">४१३८८२०</td></tr>
<tr><td>३१११२</td><td>भवन निर्माण</td></tr>
<tr><td>३१११३</td><td>निर्मित भवनको संरचनात्मक सुधार खर्च</td></tr>
<tr><td>३१११५</td><td>फर्निचर तथा फिक्चर्स</td><td rowspan="4">२९८६६०००</td><td rowspan="4">२६३९१०००</td><td rowspan="4">२९७५०००</td><td rowspan="4">५०००००</td></tr>
<tr><td>३११२०</td><td>सवारी साधन तथा मेशिनरी औजार</td></tr>
<tr><td>३११२१</td><td>सवारी साधन</td></tr>
<tr><td>३११२२</td><td>मेशिनरी तथा औजार</td></tr>
<tr><td>३११३०</td><td>अन्य पूँजीगत खर्च</td><td>८२३९०००</td><td>३३०००००</td><td>४९३९०००</td><td>०</td></tr>
<tr><td>३११३१</td><td>पशुधन तथा बागवानी विकास खर्च</td><td rowspan="3">८१०२५०</td><td rowspan="3">८१०२५०</td><td rowspan="3">०</td><td rowspan="3">०</td></tr>
<tr><td>३११३२</td><td>कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च एवं अन्य बौद्धिक सम्पत्ती प्राप्ति खर्च</td></tr>
<tr><td>३११५१</td><td>सडक तथा पूल निर्माण</td></tr>
<tr><td>३११५२</td><td>रेलमार्ग तथा हवाई मैदान निर्माण</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>३११५०</td><td>सार्वजनिक निर्माण</td><td>४५८०२३९७०</td><td>२०६७८३९७०</td><td>२०२७५००००</td><td>४८४९००००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>कुल पुँजीगत खर्च</td><td>५५३५१९८२०</td><td>२८००७७०००</td><td>२२०३१४०००</td><td>५३१२८८२०</td></tr>
<tr><td colspan="2">पाँच लाख भन्दा कमका योजना बजेट (संख्या:262)</td><td>६६१२३३७७</td><td>१६८५५६८६</td><td>४९२६७६९१</td><td></td></tr>
<tr><td colspan="2">कुल पुंजीगत बजेटमा ओगटेको प्रतिशत</td><td></td><td>८.३७%</td><td></td><td></td></tr>
</table>

अनुसूचि

३

अनुसूचि ४

नीलकण्ठ नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय (८०३३०४०२३००)**

**आ.व. २०७७/७८ र आ.व २०७८/७९ को अन्तरिक आयको तुलनात्मक प्रतिवेदन**

| शिर्षक | आ.व २०७७/७८ | आ.व.२०७८/७९ |
|---|---|---|
| 11314 भूमिकर /मालपोत | २०००००० | २०००००० |
| ११३२१ घरबहाल कर | १५००००० | ३५०००००० |
| ११४७९ अन्य मनोरंजन कर | ५०००० | ५०००० |
| ११६११ व्यवसायले भुक्तानी कर | २०००००० | ५००००० |
| ११६९१ अन्य कर | १४०००० | १४०००० |
| १४२१२ सरकारी सम्पतिको विक्रीबाट प्राप्त रकम | १००००० | १००००० |
| १४२१३ अन्य विक्रीबाट प्राप्त रकम | १५००००० | १५००००० |
| १४२२५ यातायात क्षेत्रको आम्दानि | १००००० | ० |
| १४२४२ नक्सा पास दस्तुर | ९१००००० | ८६००००० |
| १४२४३ सिफारिश दस्तुर | १००००००० | १०००००००० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ५००००० | ५००००० |
| १४२४९ अन्य दस्तुर | १५००००० | १५००००० |
| १४३१२ प्रशासनिक दण्ड ,जरिवाना र जफत | १०००० | १०००० |
| १४५२९ अन्य राजस्व | १५००००० | १५००००० |
| ३२१२२ बैंक मौज्दात | ३०७८१७६१८ | ३४६६५४१९०.७ |
| **कुल अन्तरिक राजस्व आय** | ३३७८१७६१८ | ४०८०५४१९१ |
| **बढेको आय** | ७०२३६५७३ | |
| **अन्तरिक आय वृद्धिको प्रतिशत(%)** | २०.७९ | |

अनुसूचि ५

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## नगरपालिका आकष्मिक सेवा सञ्चालन केन्द्रको लागी
## सेवा विवरण

| | |
|---|---|
| **विपद् जोखिम न्यूनीकरण अधिकृत / Focal व्यक्ति** | **बिष्णु प्रसाद रिजाल** |
| **स्थानपना मिति** | **२०७५-१०-१६** |

**आकष्मिक सेवा केन्द्रमा उपलब्ध रहेका सेवा विवरण**

| क्र.स. | सेवा | उपलब्ध सामाग्रीको | | | कैफियत |
|---|---|---|---|---|---|
| | | विवरण/मोडल | संख्या | अवश्था | |
| १ | एमबुलेन्स सेवा | TATA Ambulance | 2 | हाल सम्म प्रयोगमा रहेको | |
| २ | दमकल | BHARAT BENZ | 1 | हाल सम्म प्रयोगमा रहेको | |
| ३ | ट्र्याक्टर | Holland | 1 | हाल सम्म प्रयोगमा रहेको | |
| ४ | व्यक हौल लोडर | JCB | 1 | हाल सम्म प्रयोगमा रहेको | |
| ५ | टिप्पर | TATA | 1 | हाल सम्म प्रयोगमा रहेको | |
| | मोटर साईकल | Honda/Bajaj | 2 | हाल सम्म प्रयोगमा रहेको | |

**बजेट : आ.व. २०७८/०७९**

| आय | बजेट | अक्षरुपी |
|---|---|---|
| वित्तिय समानिकरण-संघ | २३०५००००० | तेइस करोड पाँच लाख |
| वित्तिय समानिकरण-प्रदेश | १०८८४००० | एक करोड आठ लाख चौरासी हजार |
| सशर्त - संघ | ३७२८००००० | सैतिस करोड अठ्ठाइस लाख |
| सशर्त - प्रदेश | २५७७०००० | दुई करोड सन्ताउन्न लाख सत्तरी हजार |
| आन्तरिक आय | ३००००००० | तीन करोड |
| आन्तरिक आय-मौज्दात | १३१५००००० | तेह्र करोड पन्ध्र लाख |
| राजश्व बाँडफाँड- संघ | ११७४४९८२० | एघार करोड चौहत्तर लाख उनान्पचास हजार आठसय बीस |
| राजश्व बाँडफाँड- प्रदेश | ५३७६२००० | पाँच करोड सैतिस लाख बैसठ्ठी हजार |

| | | |
|---|---|---|
| बिशेष अनुदान संघ | २००००००० | दुई करोड |
| बिशेष अनुदान प्रदेश | ३५०००००० | पैतिस लाख |
| समपुरक अनुदान संघ | ५०००००० | पचास लाख |
| समपुरक अनुदान प्रदेश | २९९९०००० | दुई करोड उनान्सय लाख नब्बे हजार |
| **जम्मा** | **१०३११५५८२०** | **एक अर्व तीन करोड एघार लाख पचपन्न हजार आठ सय बीस** |

अनुसूचि ७

# क्षेत्रगत बजेट खर्चको अवस्था

आ.व. : २०७८/७९

| सि. नं. | संकेत | शीर्षक | आ.व. २०७८/७९ | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जन सहभागिता | बैदेशिक |
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| १ | १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १६४०४७००० | १२७२५९८२० | ३५८०२००० | ९८५१८० | ० | ० | ० | ० |
| २ | १०१ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १६४०४७००० | १२७२५९८२० | ३५८०२००० | ९८५१८० | ० | ० | ० | ० |
| | | | | | | | | | | |
| ३ | २ | आर्थिक विकास | ९३२६१२३५ | ४९५४६२३५ | ४१४६५००० | २२५०००० | ० | ० | ० | ० |
| ४ | २०१ | कृषि | २०९२२००० | ६५६०००० | १३८६२००० | ५००००० | ० | ० | ० | ० |
| ५ | २०२ | उद्योग | ३४३३६२३५ | २९८३६२३५ | ४५००००० | ० | ० | ० | ० | ० |
| ६ | २०३ | पर्यटन | ४९००००० | ० | ४९००००० | ० | ० | ० | ० | ० |
| ७ | २०४ | सहकारी | २९००००० | १९००००० | १०००००० | ० | ० | ० | ० | ० |
| ८ | २०५ | वित्तीय क्षेत्र | ५०००००० | ० | ५०००००० | ० | ० | ० | ० | ० |
| ९ | २०६ | जलश्रोत तथा सिंचाई | ६६००००० | १६५०००० | ४९५०००० | ० | ० | ० | ० | ० |
| १० | २०८ | पशुपन्छी विकास | १८३०३००० | ९६००००० | ६९५३००० | १७५०००० | ० | ० | ० | ० |
| ११ | २०९ | भूमि व्यवस्था | ३००००० | ० | ३००००० | ० | ० | ० | ० | ० |
| | | | | | | | | | | |
| १२ | ३ | पूर्वाधार विकास | ४१५८१८११३ | १९९३३९२९३ | १७१३५०००० | ४५१२८८२० | ० | ० | ० | ० |
| १३ | ३०१ | यातयात पूर्वाधार | १८१७३८९४९ | ९५५९८९४९ | ४६१५०००० | ३९९९०००० | ० | ० | ० | ० |
| १४ | ३०२ | भवन, आवास तथा सहरी विकास | २०३९५९९८९ | ९४३२११६९ | १०४५००००० | ५१३८८२० | ० | ० | ० | ० |
| १५ | ३०३ | उर्जा | ३६१६९२५ | २९१६९२५ | ७००००० | ० | ० | ० | ० | ० |
| १६ | ३०४ | संचार तथा सूचना प्रबिधि | ६५०२२५० | ६५०२२५० | ० | ० | ० | ० | ० | ० |
| १७ | ३०७ | सम्पदा पूर्वाधार | २००००००० | ० | २००००००० | ० | ० | ० | ० | ० |
| | | | | | | | | | | |
| १८ | ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ५५६५०००० | ४६८६०००० | ३५३०००० | ५२६०००० | ० | ० | ० | ० |
| १९ | ४०१ | शासन प्रणाली | ४१२०००० | १२००००० | ० | २९२०००० | ० | ० | ० | ० |
| २० | ४०३ | प्रशासकीय सुशासन | २०२५००० | २०००००० | २५००० | ० | ० | ० | ० | ० |
| २१ | ४०४ | वित्तीय सुशासन | ३०००००० | २४००००० | ३००००० | ३००००० | ० | ० | ० | ० |
| २२ | ४०५ | कानुन तथा न्याय | ३८००००० | ३७६०००० | ० | ४०००० | ० | ० | ० | ० |
| २३ | ४०६ | शान्ति तथा सुव्यवस्था | ३२०५००० | ० | ३२०५००० | ० | ० | ० | ० | ० |

| सि. नं. | संकेत | शीर्षक | आ.व. २०७८/७९ | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जन सहभागिता | बैदेशिक |
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| २४ | ४१५ | वातावरण तथा जलवायु | ७५००००० | ७५००००० | ० | ० | ० | ० | ० | ० |
| २५ | ४१७ | विपद व्यवस्थापन | ३२०००००० | ३००००००० | ० | २०००००० | ० | ० | ० | ० |
| | | | | | | | | | | |
| २६ | ७ | सामाजिक विकास | ५४८६९७०९० | १५६०२४०९० | ३७६१५३००० | १६५२०००० | ० | ० | ० | ० |
| २७ | ७०२ | सामाजिक सुरक्षा तथा संरक्षण | १२४९३००० | ७४४००० | १००५३००० | १६९६००० | ० | ० | ० | ० |
| २८ | ७०३ | युवा तथा खेलकुद | ३२५०००० | २९००००० | ३५०००० | ० | ० | ० | ० | ० |
| २९ | ७०४ | खानेपानी तथा सरसफाई | ९२६१२७०७ | ६९६६२७०७ | १७४५०००० | ५५००००० | ० | ० | ० | ० |
| ३० | ७०५ | भाषा तथा संस्कृति | १५००००० | १५००००० | ० | ० | ० | ० | ० | ० |
| ३१ | ७०६ | शिक्षा | ३४९४२८००० | ५०००००००० | २९२४३४००० | ६९९४००० | ० | ० | ० | ० |
| ३२ | ७०७ | स्वास्थ्य | ६७८४६००० | १५५४०००० | ५०२७६००० | २०३०००० | ० | ० | ० | ० |
| ३३ | ७०८ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | २१५६७३८३ | १५६७७३८३ | ५५९०००० | ३००००० | ० | ० | ० | ० |
| | | | | | | | | | | |
| | | **कुल जम्मा** | **१२७७४७३४३८** | **५७९०२९४३८** | **६२८३००००००** | **७०१४४०००** | **०** | **०** | **०** | **०** |

## निष्कर्ष

नेपालको संविधानको धारा ५७ को उपधारा (४) धारा २१४ स्थानीय तहको कार्यकारिणी अधिकार को उपधारा (२), धारा २२१ स्थानीय तहको व्यवस्थापिकीय अधिकारको उपधारा (२) र धारा २२६ को कानून वनाउन सक्ने व्यवस्थाको उपधारा (१) वमोजिम कार्यासम्पानद गर्ने गरी स्थानीय तहको अधिकार सूची समावेश गरिएको सम्विधानको अनुसूची- ८ वमोजिमका एकल अधिकार एवम् संविधानको भाग १७ को धारा २१४ मा स्थानीय तहको कार्यारिणी अधिकार र भाग १८ को धारा २२६ मा संविधानले व्यवस्था गरेका विषयहरु कार्यान्वयन गरी आम नागरिकहरुलाई प्रदान गरिने सेवा सुविधाको दुविधा निरुपण गरी सहज र सुलभ तवरवाट सेवा प्रवाह गरी नागरिकहरुले राज्यको तवरवाट प्राप्त गर्ने सेवा हस्तान्तरणका लागि आवश्यक कानून वनाउन सक्ने व्यवस्था गरेको पाउन सकिन्छ ।